**काठमाडौं महानगरपालिका, आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालिन विकास योजना बनाई लागु गर्नुपर्ने प्रावधान छ। यस सन्दर्भमा काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा यो मार्गदर्शन तयार गरिएको छ। यसका लागि नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ एवम् पन्धौं योजनाका साथै नेपाल सरकार र बागमती प्रदेशबाट प्राप्त नीतिगत विषयवस्तुहरुलाई आधार लिइएको छ।

आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा देहायका विषयहरुमा ध्यान दिनुपर्नेछ।

१. नेपालको संविधानको भाग १९ मा प्रत्यक आर्थिक बर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम नगर सभामा पेश गरी पारित गराउनु पर्ने व्यवस्था रहेको।

२. काठमाडौं महानगरपालिकाको आ.ब. २०७९।८० मा महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्राप्त सुझावहरुलाई मध्यनजर गरी बजेट तथा कार्यक्रम तर्जूमा गर्ने।

३. आन्तरिक स्रोत, संघ र प्रदेशबाट उपलब्ध गराइएको बजेट सीमाभित्र रहेर कूल बजेट प्रस्ताव गर्ने।

४. क्रमागत वा बहुवर्षीय आयोजना तथा कार्यक्रमका लागि बजेट प्रस्ताव गर्दा चालु आर्थिक वर्षको भौतिक तथा वित्तीय प्रगतिको समीक्षा गरी क्रमागत आयोजनालाई प्राथमिकता दिने, अधुरा आयोजनालाई पुरा गर्ने, अनिवार्य दायित्वलाई बजेट छुट्याउने।

५. महानगर गौरवका आयोजनाहरु र स्वर्णीम आयोजनाहरु छनौट गर्दा आर्थिक वर्ष २०८०/०८१ मा नगरसभाबाट पारित भएका कार्यक्रमहरुको निरन्तरतालाई प्राथमिकतामा राखी बजेट प्रस्ताव तयार गर्ने।

६. कार्यक्रम प्रस्ताव गर्दा बढी भन्दा बढी जनसंख्या लाभान्वित हुने, उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्ने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैंगिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा संवर्द्धन गर्न सघाउ पुऱ्याउने र भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने खालको हुनुपर्ने।

७. सम्भव भएसम्म आगामी आर्थिक वर्ष भित्र पुरा हुने योजनाहरु प्रस्ताव गर्ने।

८. कार्यक्रम प्रस्ताव गर्दा अखण्डा वा एकमुष्ट रकम प्रस्ताव नगरी विस्तृत क्रियाकलाप, भौतिक तथा वित्तीय लक्ष्य उल्लेख गर्ने। यसका साथै वार्षिक कार्ययोजना र खरिद योजना समेत समावेश गर्ने।

९. अनिवार्य दायित्व (तलब, भत्ता, निवृत्तिभरण कोष खर्च, बीमा, घरभाडा, सञ्चार महशुल, पानी तथा विजुली आदि) मा आवश्यक रकम विनियोजन गरेर मात्र अन्य प्रशासनिक खर्चका लागि रकम प्रस्ताव गर्ने।

१०. राष्ट्रिय योजना आयोगबाट प्रकाशित स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनको अनुसूची ११ मा व्यवस्था भए बमोजिम वजेट तथा कार्यक्रमहरुलाई प्रथम प्राथमिकता प्राप्त (Priority 1 – P1) र व्दितीय प्राथमिकता प्राप्त (Priority 2 – P2) निर्धारण गर्ने।

११. दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने।

१२. नेपाल सरकार र बागमती प्रदेश सरकारबाट समय समयमा निर्देशन तथा परिपत्र।

१३. विभाग, महाशाखा, एकाई, सचिवालय, आयोजना, कार्यक्रम एवम् वडा कार्यालयहरुको हकमा चालू आर्थिक वर्षमा विनियोजित वजेटलाई आगामी आर्थिक वर्षको लागि वजेट सीमा मान्न सकिनेछ।

## ३. विषयगत क्षेत्र अनुसार ध्यान दिनु पर्ने कुराहरु

### ३.१ आर्थिक विकास

आर्थिक विकास क्षेत्र अन्तर्गत निम्नलिखित विषयहरुमा कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।

१. स्थानीय राजश्व असुलीलाई सुदृढ, प्रविधीमैत्री बनाई दायरा वृद्धि गर्ने कार्यक्रम ।

२. सिमाना जोडिएका नगरपालिकाहरुसंगको सहकार्यमा आर्थिक क्रियाकलाप प्रवर्द्धन हुने खालका कार्यक्रमहरु । जस्तैः कोल्ड स्टोरेज, गोदाम आदि ।

३. सूचना प्रविधिजन्य सेवालाई प्रोत्साहन गर्ने कार्यक्रम ।

४. स्थानीय संस्कृति तथा सम्पदालाई पर्यटन प्रवर्द्धनसँग आवद्ध गर्ने खालका कार्यक्रम । जस्तैः होमस्टे सञ्चालन, काष्ठकला, हस्तकला, मूर्तिकला सम्बन्धी उद्यमशीलता विकास तालिम ।

५. सरकारी, बहुउद्देश्यीय तथा कृषि सहकारी र निजी क्षेत्रको माध्यमबाट कृषि उत्पादनको भण्डारण, प्रशोधन, मूल्य श्रृंखला र बजारीकरणलाई प्रोत्साहन गर्ने कार्यक्रम ।

६. घरपालुवा एवं छाडा पशुहरुको समग्र व्यवस्थापनको लागि कार्यक्रम । जस्तैः रेविज सुई, फोहोरमैला व्यवस्थापन, वन्ध्याकरण ।

७. काठमाडौं महानगरपालिकासँग सह लगानी हुने खालका कार्यक्रम ।

### ३.२ सामाजिक विकास

सामाजिक विकास क्षेत्र अन्तर्गत निम्नलिखित विषयहरुमा कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।

८. स्थानीय भाषा, कला, साहित्य, सङ्गित, लिपि, प्रथा परम्परासँग सम्बद्ध संस्थाहरुको संस्थागत सुदृढीकरणका लागि कार्यक्रम ।

९. सामुदायिक विद्यालयहरुको पूर्वाधार, गुणस्तर र वातावरणमा सुधार गर्ने र प्राविधिक शिक्षामा जोड दिने खालका कार्यक्रम ।

१०. सामुदायिक विद्यालयहरुलाई अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउन आवश्यक पर्ने भौतिक पूर्वाधारहरुका लागि कार्यक्रम ।

११. महिला, ज्येष्ठ नागरिक, युवा, दलित, सिमान्तकृत, विपन्न तथा अपाङ्ग लक्षित रोजगारमूलक तथा जीवनोपयोगी सीपको माध्यमबाट क्षमता अभिवृद्धि गर्ने कार्यक्रम ।

१२. बालबालिकाको सर्वाङ्गीण विकासको लागि उपयुक्त कार्यक्रम ।

१३. नसर्ने रोगहरुको रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी कार्यक्रम ।

१४. स्वास्थ्य सेवालाई सर्वसुलभ र सहज पहुँच बनाउन अस्पतालहरुसँग सहकार्य गर्ने कार्यक्रम ।

१५. स्वास्थ्य बिमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन आवश्यक कार्यक्रम ।

१६. निजी तथा सामुदायिक क्षेत्र (गैर सरकारी र अन्तंराष्ट्रिय गैरसरकारी संस्था) सँगको सहकार्यमा बालबालिका, गर्भवति महिला, अपाङ्गता भएका, ज्येष्ठ नागरिकको स्वास्थ्य उपचारको प्रबन्ध मिलाउने कार्यक्रम ।

१७. शहरी क्षेत्रको घना वस्तीमा सरसफाईका लागि ढल प्रणालीको मर्मतसंभार तथा विस्तार एवं फोहोर प्रशोधन प्रणाली स्थापनाका लागि कार्यक्रम ।

१८. सार्वजनिक शौचालयको मर्मतसंभार, स्तरोन्नती र विस्तार गरी स्मार्ट शौचालयमा रुपान्तरणका लागि कार्यक्रम ।

१९. परम्परागत ढुङ्गेधारा लगायत प्राकृतिक श्रोतको संरक्षण, वर्षातको पानीको संकलन, पानीको पुनर्भरण जस्ता पानी आपूर्तिका वैकल्पिक कार्यक्रम ।

२०. निजी क्षेत्र समेतको सहकार्यमा खेलकुद पूर्वाधारको विकास, व्यवस्थापन र सञ्चालनका लागि कार्यक्रम ।

२१. प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था गरी खेलकुदको माध्यमबाट अर्न्तराष्ट्रिय पहिचान र सम्मान बढाउने खालका कार्यक्रम ।

२२. उदयीमान प्रविधिको प्रयोगलाई प्रोत्साहन र नव प्रवर्तनलाई प्रवर्द्धन गरी उत्पादित प्राविधिक जनशक्तिबाट उद्यमशीलता विकासमा सहयोग पुग्ने खालका कार्यक्रम ।

२३. गैरसरकारी तथा सामुदायिक संघ संस्थासँगको साझेदारी कार्यक्रम ।

२४. संघसंस्थाहरुको लागि अनुदान दिदा प्रचलित कानुनलाई मध्यनजर गरी प्रस्ताव गर्ने ।

२५. अक्षय कोषको लागि रकम उपलब्ध गराउने कार्यकममा मुल रकम का.म.पा.बाट सञ्चालन हुने छुट्टै बैंक खातामा जम्मा गरी सोबाट प्राप्तहुने ब्याज रकम मात्र सम्बन्धित संघसंस्थालाई उपलब्ध गराउने ।

### ३.३ पूर्वाधार विकास क्षेत्र

पूर्वाधार विकास क्षेत्र अन्तर्गत निम्नलिखित विषयहरुमा कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।

२६. नागरिकको जनजीवन सहजतासँगै उच्च प्रतिफल दिनेगरी भौतिक पूर्वाधार निर्माणका कार्यक्रम ।

२७. सार्वजनिक यातायात सेवाहरुमा डिजिटल प्रणालीको समेत उपयोग गर्ने गरी वातावरणमैत्री विद्युतीय सवारी साधनको प्रयोग, विकास र विस्तारका कार्यक्रम ।

२८. नेपाल विद्युत प्राधिकरणसँग चार्जिङ स्टेशन निर्माणका लागि सहकार्यमा गरिने कार्यक्रम ।

२९. SMART प्रविधि समेतको उपयोग गरी सार्वजनिक यातायात व्यवस्थापन गर्ने खालका कार्यक्रम ।

३०. स्मार्ट स्ट्रीट लाइट, ट्राफिक सिग्नल र हाइ मास्ट जडान सम्बन्धी कार्यक्रम ।

३१. नदी नाला तथा जलाधारको संरक्षण तथा सौन्दर्यीकरण सम्बन्धी भौतिक पूर्वाधारहरु निर्माणसँग सम्बन्धित कार्यक्रम ।

३२. शहरी विकास तथा व्यवस्थापन गर्न विस्तृत योजना अध्ययन तथा अनुसन्धानसँग सम्बन्धित कार्यक्रम ।

३३. प्राचिन वस्तीको पुनरुत्थानको लागि स्थानीय जनताको सहभागिता हुने गरी कार्यक्रम ।

३४. सार्वजनिक जग्गा संरक्षण र पार्क निर्माणका लागि कार्यक्रम ।

३५. स्थानीय संस्कृति र सम्पदाको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्न आवश्यक पर्ने भौतिक संरचनाहरुको निर्माण तथा पुनः निर्माण गर्ने खालका कार्यक्रम ।

### ३.४ सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र अन्तर्गत निम्नलिखित विषयहरुमा कार्यक्रम प्रस्ताव गर्ने ।

३६. स्थानीय विवादको मेलमिलापबाट समाधान गर्ने कार्यक्रम निशुल्क कानूनी सेवा, वडा महिला सञ्जालको क्रियाशिलतालाई बढवा दिने कार्यक्रम ।

३७. जलवायु परिवर्तनका कारण र कार्बन उन्सर्जनबाट सिर्जना हुने वातावरण ह्रासलाई न्यूनीकरण गर्ने खालका कार्यक्रम ।

३८. नदीनाला साथै अन्य प्राकृतिक मुहान तथा जलाशयको पानीको गुणस्तर संरक्षणका लागि छिमेकी नगरपालिका समेतसँगको सहकार्यमा संचालन गर्न सकिने खालका कार्यक्रम ।

३९. घरायसी प्रयोजनबाट निस्केको फोहोर पानी, संगठित संस्था वा कलकारखाना वा अस्पतालबाट निस्कने प्रदूषित पानीलाई प्रशोधन सम्बन्धी कार्यक्रम ।

४०. हरित विकासको अवधारणालाई टेवा पुऱ्याउने खालका कार्यक्रम ।

४१. विकास खर्चलाई रोजगारी सिर्जनासँग आवद्ध हुने गरी कार्यक्रम ,

४२. संस्थागत क्षमता अभिवृद्धिका लागि जनशक्ति विकास योजना तर्जुमा लगायत शिक्षा, तालिम, सिकाइका कार्यक्रम सञ्चालन गर्न कार्यक्रम ।

४३. वैदेशिक रोजगारीबाट फर्केका स्थानीय व्यक्तिको सीप प्रमाणीकरणका आधारमा उनीहरुलाई व्यवसायिक तालिम प्रशिक्षकका रुपमा उपयोग गर्नका लागि कार्यक्रम ।

४४. सार्वजनिक सेवालाई भरपर्दो, गुणस्तरीय र पहुँचयोग्य बनाई विकास कार्यलाई प्रभावकारी बनाउने खालका कार्यक्रम ।

४५. सरकारी निकाय समेतको सहकार्यमा सहरी सुव्यवस्था कायम गर्न अन्तर समन्वयलाई थप प्रभावकारी बनाउने खालका कार्यक्रम ।

४६. संस्थागत सुधार योजना र सोको कार्यान्वयन सम्वन्धी कार्यक्रम ।

४७. सार्वजनिक सेवाप्रवाहलाई सूचना प्रविधिसँग आवद्ध गर्दै लैजान आधुनिक सूचना प्रविधिको उपयोग र विस्तारका लागि आवश्यक पूर्वाधार स्थापना गर्न कार्यक्रम ।

४८. शहरी सुशासन व्यवस्थापनको लागि अन्य स्थानीय तह, प्रदेश र संघीय सरकारको सहकार्यमा सञ्चालन गर्न सकिने कार्यक्रम ।

४९. स्थानीय शासन/प्रशासनमा मानव अधिकारको प्रवर्द्धन गर्ने कार्यक्रम ।

५०. संविधान तथा अन्य कानून प्रदत हक अधिकारको प्रचलन गर्न आवश्यक कानून तर्जुमा गर्ने, कार्यान्वयनमा ल्याउने कार्यक्रम ।